# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ८ | संख्या ३ | मिति २०७७।०८।२३ |

## भाग २

**विहादी गाउँपालिका**
**गण्डकी प्रदेशनेपाल ,**

**संवत २०७७ सालको कार्यविधि संख्या ४ मा प्रथम पटक संशोधन, २०८१**

| |
|---|
| **खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ मा प्रथम पटक संशोधन, २०८१** |

विहादी गाउँपालिका

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी, २०७७ मा संशोधन

**प्रथम पटक संशोधन २०८१।०४।१५**

**प्रस्तावना :** विहादी गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पँहुच सबै गाउँवासीहरुमा पुर्‍याउने उदेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना, दर्ता तथा व्यवस्थापन गर्न तयार गरिएको कार्यविधिमा समय अनुकुल संशोधन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड "ध" १ र २ मा रहेको अधिकार र सोही ऐनको दफा १०२ को अधिकार प्रयोग गरी र विहादी गाँउपालिकाको प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विहादी गाउँकार्यपालिकाले यो कार्यविधि देहाय बमोजिम संशोधन गरि लागु गरेको छ ।

**विहादी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ को दफा १६ मा संशोधन :**

**१.दर्ता तथा नवीकरण शुल्क :** (१) यो कार्यविधि लागू हुँदाको बखत खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता शुल्क रु ५००। र नवीकरण शुल्क रु २००। हुनेछ । साविकको जिल्ला जलश्रोत समितिमा दर्ता भएका समितिको हकमा कार्यविधि लागू भएको तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ, अन्यथा वार्षिक करको अतिरिक्त देहाय बमोजिमको जरिवाना लाग्नेछ ।

क) म्याद समाप्त भएको मितिले १ महिना सम्म जरिवाना लाग्ने छैन ।

ख) म्याद समाप्त भएको मितिले ३ महिना सम्म नविकरण गरेमा नविकरण शुल्कको ५० प्रतिशत

ग) म्याद समाप्त भएको मितिले ६ महिना सम्म नविकरण गरेमा नविकरण शुल्कको ८० प्रतिशत

घ) म्याद समाप्त भएको मितिले १२ महिना सम्म नविकरण गरेमा नविकरण शुल्कको १०० प्रतिशत

ङ) म्याद समाप्त भएको मितिले २ वर्ष सम्म नविकरण गरेमा नविकरण शुल्कको अतिरिक्त प्रति वर्ष ३०० प्रतिशतका दरले जरिवाना लाग्नेछ ।

च) म्याद समाप्त भएको मितिले ५ वर्ष सम्म पनि नविकरण गर्न नआएमा उक्त उपभोक्ता समिति स्वत खारेज भएको मानि दर्ता कितावमा खारेज भएको जनाईनेछ ।

(२) उपनियम १ बमोजिमको दर्ता शुल्क र नवीकरण शुल्कमा प्रत्येक आर्थिक वर्ष राजश्व परामर्श समितिको निर्णयानुसार गाउँपालिकाले हेरफेर गरेमा सोही बमोजिम हुनेछ ।

(३) यो कार्यविधि संशोधन हुनु अगावै समयमा नविकरण नगराएर खारेजीमा परेका उपभोक्ता समिति नविकरण गराउन चाहेमा यसै संशोधित कार्यविधि बमोजिम नविकरण गर्न बाधा पुग्ने छैन ।

विहादी गाउँपालिका

**विहादी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ को अनुसुची २ मा संशोधन**

विहादी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
वहाकीठाँटी पर्वत
अनुसूची-२
(नियम १० सँग सम्बन्धित)
उपभोक्ता संस्था दर्ता प्रमाण पत्र

दर्ता मिति :
दर्ता नम्बर :

श्री .................................................
.....................................................।

तपाईले मिति .........................मा दिएको दरखास्त अनुसार उपभोक्ता समिति/संस्था दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

यस विहादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वतको ‘ खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७’ को दफा १० (१) बमोजिम खानेपानी व्यवस्थापन समितिको मिति............................ गतेको निर्णयानुसार निम्नानुसार विवरणमा उल्लेख भए बमोजिम उपभोक्ता समिति/संस्था यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । यस पालिकाको खानेपानी सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाणित गर्नेको सही :
नाम, थर :
पद :
मिति :

मुहानको नाम :
मुहानको चार किल्लाको विवरण :
क) पूर्व :
ख) पश्चिम :
ग) उत्तर :
घ) दक्षिण :

उपभोक्ता समितिको छाप

कार्यालयको छाप

विहादी गाउँपालिका

# उपभोक्ता संस्था नविकरण सम्बन्धी विवरण

१) उपभोक्ता समितिले म्याद समाप्त भएको मितिबाट ९० दिन भित्र नविकरण गर्नुपर्नेछ ।

२) म्याद नाघेको १ महिना महिना भित्र नविकरण गरेमा जरिवाना लाग्ने छैन । अन्यथा कार्यविधिको दफा १६ तथा आर्थिक ऐन बमोजिम जरिवाना लाग्नेछ ।

| नविकरण मिति | नविकरणको अवधि | | नविकरण दस्तुर र रसिद नं: | नविकरण अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले
हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

बिहादी गाउँपालिका